# रुपचन्द /रुपचाँदनी माछा(*Piaractus brachypomus*)



नेपालमा रहु, नैनि, भाकुर, कमन, ग्रास, सिल्भर, विगहेड, पंगास ,मोनो सेक्स टीलापिया गरी जम्मा १० वटा जातका माछाहरु पालनको लागि शिफारिश गरिएको छ। पंगास माछा २०७२ साल तिर शिफारिश गरिएको थियो।भारत र वंगलादेशमा अहिले **रुपचन्द /रुपचाँदनी माछा(*Piaractus brachypomus*)** माछा लोकप्रिय हुदै गएको छ।यो माछा दक्षिण अमेरिका – ब्राजिल/ कोलम्वियाका नदिहरुमा पाईन्छ र अमेजन नदिको मूख्य माछामा पर्दछ।यस्को अंग्रेजीको सामान्य नाम red-bellied pacu हो।यस्को पेट तथा छातिको रंग रातो हुन्छ।यस्को आकार च्याप्टो हुन्छ।यस्को शरिरमा थोरै ससाना चम्किने प्रकारका कत्ला हुन्छन्।यस्का दाँत तिखा हुन्छन् र पोखरिमा पाल्दा माछा मार्ने वेला होशियार भयर माछा मार्नु पर्छ।यो एक किसिमको मांसहारी माछा हो तर सवै किसिमका दाना खाई छिटो हुर्कन सक्छ। यस्को मूख्य खाना – साना माछा ,घोंगी , किरा, फलफुल, नरम घाँसपात तथा तरकारीका पातहरु ,अन्न ,गेडागुडी ,सडे गलेका कुहिएका वस्तुहरु सवै खाने भएकाले यस्लाई सर्वाहारी माछा भनिन्छ(www.google.com/animal diversity web/ *Piaractus brachypomus* /food behaviour)।यो न्याँनो पानीमा हुर्कने माछा हो ।यस्ले १६–३५ °c सम्मको तापक्रम सहन सक्छ र २५–३०°cको तापक्रमलाई उपयुक्त मानिन्छ।चिसो मौसममा यो माछा मर्ने गर्दछ।यो माछा १५–४० वर्ष वाँच्ने र ८० किलोग्राम सम्मको तौल र २५–९० cm सम्मको लम्वाई हुने गर्दछ।यो माछा ३ वर्षमा परिपक्कव भई प्रजनन् शुरु गर्दछ र यस्को fecundity 50000-80000 सम्म हुन्छ अर्थात ५ किलोको पोथी माछाले ४००००० सम्म अण्डा दिन्छ।फागुन चैत्रमा प्रजनन गरी जेष्ठ असारमा वच्चाहरु उत्पादन हुन्छन्।यस्को अण्डा टाँसिने प्रकारको हुन्छ।

**मत्स्य पालन प्रविधि:** थाई/हाईव्रिड मांगुर , पंगास तथा रुपचन्द माछाको पालन प्रविधि एकैप्रकारको हुन्छ।यस्लाई पनि फागुन चैत्रमा स्टक गरी चिसो अगाडी नै मार्न सकिन्छ। ५–६ महिना पाल्दा खेरी करिव ८०० ग्रामको माछा तयार हुन्छ। यस्को ready made दानाको FCR 1:1.5 रहेको छ।प्रति कठ्ठा १०००–१५०० भुरा स्टक गर्न सकिन्छ।यस्ले सवै प्रकारका दाना मन पराएर खान्छ। पोखरीमा उच्च घनत्वमा पाल्न सकिन्छ र कार्प संग मिसाएर पाल्न राम्रो हुदैन।यस माछाले हावावाट पनि सास फेर्न सक्छ र निकै कम रोग लाग्छ।

# पंगास र रुपचन्द माछाको तुलना

| विवरण | पंगास | रुपचन्द |
|---|---|---|
| मासुको गुणस्तर तथा स्वादको आधारमा उपभोक्ताको रोजाई | ठिक ठिकै | धेरै राम्रो , उपभोक्ताले धेरै मन पराएको र वजारमा यस्को धेरै माग भएको। |
| चिसो सहने क्षमता | कम | कम |
| हावावाट सास फेर्न सक्ने | सक्ने | सक्ने |
| उच्च घनत्वमा पाल्न सकिने | सकिने | सकिने |
| पखेटामा काँडा भई जाल तान्न गारो हुने | जाल तान्न गार्हो हुने | जाल तान्न सजिलो हुने |
| जाल ताने पछि तनावमा आई दाना नखाने, रोग लाग्ने आदि | जाल ताने पछि तनावमा आई दाना नखाने, रोग लाग्ने आदि हुने | **नहुने** |
| रोग | वढि लाग्ने | कम लाग्ने |
| प्रजनन | सजिलै प्रजनन गर्न सकिने | पंगास भन्दा सजिलै प्रजनन गर्न सकिने |
| मासुमा y bone | नहुने | -नहुने<br>-पंगास भन्दा वढि पोषिलो तथा omega-3 fatty acid वढि भएको। |
| वजार मूल्य | कम | वढी |

**नोटः** रुपचन्द माछा भर्खरै भित्रिएको नयाँ माछा हो त्यसै कारणले यस्को भुराहरु वजारमा उपलब्ध नहुने र नेपाल सरकारले पनि शिफारीश नगरेको हुनाले यस्लाई पालन गर्न कठिन भएपनि भारत तथा बंगलादेशमा यस्को पालन वढि रहेको छ र नेपालमा केही कृषकहरुले परिक्षणको लागि पाल्दा निकै सफल भएको अनुभव भएकोले गर्दा नेपाल सरकारले यस्लाई छिट्टै पालन प्रविधि सहित शिफारीश गर्नु पर्दछ।